परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION
साप्ताहिक




❑ वर्ष १५ ❑ अंक ४ २०८३ श्रावण २४ आईतवार Sunday, 9 AUG 2026 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## खाना पकाउने ग्यासको अभाव नभई बजारमा कृत्रिम अभाव सृजना

विराटनगर । खाना पकाउने एलपी ग्यासको अभाव नभई बजारमा उपभोक्ताले आवश्यकता भन्दा वढी ग्यास भरेको सिलिण्डल भण्डारण गर्न थालेपछि एकाएक माग बढेर कृत्रिम अभाव सृजना भएको नेपाल आयल निगम लिमिटेड कोशी प्रादेशिक कार्यालय विराटनगरका प्रमुख पुष्कर कार्की वताए ।

कोशी प्रदेशमा खाना पकाउने एलपी ग्यासको आयात गत वर्षको तुलनामा यसवर्ष साउन २० गते सम्म १७ दशमलव ६१ प्रतिशत बढी आयात भएपनि उपभोक्ताले ग्यान नपाउनु भनेको कृत्रिम अभाव सृजना भएको छ यो परिस्थितिलाई एक साता भित्र पूर्ण रुपमा सहज बनाउने प्रमुख कार्कीको भनाई छ ।

केही दिन यता कोशी प्रदेशका विभिन्न जिल्लामा उपभोक्ताले ग्यास नपाएर सास्ती खेप्दै आईरहेको छ । बजारमा ग्यासको अभाव देखिएपछि उपभोक्ता खाली सिलिन्डर बोकेर डिलर-डिपो धाउन बाध्य भएका छन् । एक साता भित्र उपभोक्ताले ग्यासका लागि खाली सिलिन्डर बोकेर डिलर-डिपो धाउन बाध्य नहुने निगमले जनाएको छ ।



प्रमुख कार्कीका अनुसार पश्चिम एशियामा उत्पन्न द्वन्द्वका कारण सरकारले केही समय ७.१ किलोग्रामको आधा सिलिन्डर वितरण गरेको थियो । अहिले पुन: १४.२ किलोग्रामको पूर्ण सिलिन्डर वितरण सुरु भएसँगै माग बढेको छ । निगमले पहिले दैनिक १३-१४ बुलेट ग्यास आयात गर्ने गरेकोमा अहिले दैनिक १५ देखि २७ बुलेटसम्म ग्यास ल्याइरहेको उहाँले जानकारी दिए । यद्यपि भारतको दुर्गापुर-हल्दिया क्षेत्रमा रहेको पाइपलाइनमा जुलाई ६ मा आगलागी भएपछि ग्यास दक्षिण भारतको पारादीपबाट ल्याउनुपरेको र ढुवानीमा एक साताभन्दा बढी समय लाग्ने भएकाले चाहिएको मात्रामा आपूर्ति गर्न कठिनाइ भएको उहाँको भनाइ छ ।

नेपाल आयल निगम कोशी प्रादेशिक कार्यालय विराटनगर को तथ्यांकअनुसार आर्थिक वर्ष २०८२ को असारमा ५ हजार ८ सय ५३ दशमलव ६ सय २९ मेट्रिक टन (करिब ४ लाख १२ हजार सिलिन्डर) ग्यास आयात भएको थियो । आर्थिक वर्ष २०८३ को असारमा ६ हजार ०५७ दशमलव ५ सय ४८ मेट्रिक टन (करिब ४ लाख २६ हजार सिलिन्डर) आयात भएको छ, जुन अघिल्लो वर्षको तुलनामा ३ दशमलव ४८ प्रतिशत बढी देखिन्छ ।

त्यस्तै, गत वर्ष साउन १ देखि २० गतेसम्म ४ हजार ०१८ दशमलव ६ सय ४३ मेट्रिक टन (करिब २ लाख ८३ हजार सिलिन्डर) ग्यास आयात भएकोमा यस वर्ष सोही अवधिमा ४ हजार ७ सय २६ दसमलव ४ सय ३६ मेट्रिक टन (करिब ३ लाख ३२ हजार सिलिन्डर) आयात भएको छ । यो १७ दशमलव ६१ प्रतिशत वृद्धि भएको देखिन्छ । प्रमुख कार्कीका अनुसार बुधबार पनि १६ बुलेट ग्यास भन्सारमा आई सकेको छ । भन्सार प्रक्रिया पूरा भएपछि ग्यास भरेर तत्काल बजारमा पठाइने वताए ।

निगमले साउन ८ गतेदेखि हालसम्म २ सय ४ बुलेट ग्यास आयात गरिसकेको जनाएको छ । ग्यास वितरणलाई प्रभावकारी बनाउन कोशी प्रदेशका पाँचवटै ग्यास कम्पनीबाट दैनिक वितरणको विवरण संकलन गर्ने, कुन कम्पनीले कहाँ वितरण गरिरहेको छ, भन्ने अनुगमन गर्ने तथा बजारमा ग्यास नपाइएको सूचना आए तत्काल कारबाही प्रक्रिया अघि बढाइने निगमले जनाएको छ ।

विराटनगर-२ तीनपैनीस्थित कोशी ग्यासका डिलर सिद्धार्थ इन्टरप्राइजेज प्रालिका सञ्चालक विकास दाहालले बजारमा ग्यास

बांकी अन्तिम पेजमा...

## पूर्वाधार विकासको ७२ प्रतिशत भौतिक प्रगति

विराटनगर । प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय, पूर्वाधार विकास निर्देशनालय, पूर्वाधार विकास कार्यालय, मोरंग, कोशी प्रदेश विराटनगरका प्रमुख खडानन्द इसरले ७२ प्रतिशत भौतिक प्रगति भएको वताएका छन् ।

पूर्वाधार विकास कार्यालय मा पुँजिगत तर्फ संघ समपुरक अनुदान तर्फ १ करोड ५५ लाख ७० हजार, संघकै सशर्त अनुदान ८० लाख ९६ हजार ५ सय र प्रदेश सरकारबाट १४ करोड १५ लाख ९१ हजार ४९२ गरी पुँजीगत तर्फ जम्मा १६ करोड ५३ लाख ५७ हजार ९९२ रहेको थियो ।

संघको समपुरक अनुदानवाट ९८ लाख ३ हजार ९२ खर्च भई ६२.९६ प्रतिशत प्रगती भएको छ भने संघकै सशर्त अनुदानवाट ३० लाख ५० हजार ६७९ खर्च भई ३७.६८ प्रगती छ । त्यसैगरी प्रदेश सरकार तर्फ १० करोड ३५ लाख ९२ हजार ८८६ खर्च भई ७३.१६ प्रतिशत प्रगती भई पुँजी तर्फ जम्मा ११ करोड ६४ लाख

बांकी अन्तिम पेजमा...

## आदर्शको स्वर्ण महोत्सव

विराटनगर । आदर्श निर्माण मन्दिर बिराटनगरले ५० औं वर्ष पूरा गरेको अवसरमा विभिन्न कार्यक्रम गरि स्वर्ण जयन्ती महोत्सव मनाएको छ ।

विराटनगर स्थित आरोहण गुरुकुल हाट्खोलामा आदर्श निर्माण मन्दिरका अध्यक्ष शिवरतन शर्मा जोशीको अध्यक्षतामा आरोहण गुरुकुल हाट्खोला बिराटनगरमा विभिन्न कार्यक्रम गरि स्वर्ण जयन्ती महोत्सव मनाएको हो ।

कार्यक्रममा हास्यव्यङ कलाकार मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यले दुर्बेशन मुक्त र संस्कार युक्त समाज साथै देशको बिकास गर्ने मुख्य उदेश्य सहित संस्थाले विभिन्न सामाजिक गतिविधिहरु गरेको प्रति ध्यन्यवाद गरेका थिए ।

कलाकार श्रेष्ठ र आचार्यले बिगत पाँच दशक देखि सामाजिक तथा नैतिक चेतना अभिबृद्धिका क्षेत्रमा निरन्तर योगदान पुर्याउदै आएको यो संस्थाले समाजमा निकै प्रभावकारी काम गरेकामो प्रसंशा गरेका थिए । यता कार्यक्रममा कोशी प्रदेशका वन तथा पर्यटन मन्त्री भीम पराजुलीले लागु औषध मुक्त समाज निर्माण गर्न संस्थाले

वांकी अन्तिम पेजमा...






## पूर्वाधार...

४६ हजार ६५७ खर्च भई ७०.४२ प्रगति भएको कार्यालय प्रमुख इसरल जानकारी दिए ।

चालु तर्फ प्रदेश सरकारले २४ लाख ७२ हजार ८५० विनियोजन भएकोमा २१ लाख ३२३ रुपियाँ खर्च भई ८४.९४ प्रतिशत भएको छ । समग्रमा  चालु र पुँजीगत गरी १६ करोड ७८ लाख ३० हजार ८४२ मा ११ करोड ८५ लाख ४६ हजार ९८० खर्च भई ७०.६३ समष्टिगत वित्तिय प्रगती भएको र भौतिक तर्फ ७२ प्रतिशत प्रगती भएको जानकारी गराउँदै भने भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनको कारण सोचे जस्तो काम हुन सकेन नत्र ९० प्रतिशत भन्दा माथि प्रगती हुने विश्वास लिएको कार्यालय प्रमुख इसरले वताए ।

## खाना...

अभाव रहेको स्वीकार गर्दै पहिले दैनिक करिब ५० सिलिन्डर बिक्री हुने गरेकोमा अहिले ३ सय सिलिन्डरले पनि माग धान्न नसक्ने वताए ।

उहाँले उपभोक्ताले आवश्यकताभन्दा धेरै सिलिन्डर घरमै राख्न थालेको, ग्रामीण क्षेत्रमा समेत ग्यासको प्रयोग बढेको तथा होटल-क्याफे सञ्चालन विस्तार भएसँगै माग बढेको वताउँदै पहिले ५० वटा ग्यास सिलिन्डर २ दिनमा बिक्री हुन्थ्यो । अहिले ग्यास आएको १० मिनेट नबित्दै सकिन्छ ।

उपभोक्ताले पहिले नै नाम टिपाएर पालो कुर्नुपरेको अवस्था रहेको छ । नेपाल आयल निगम कोशी प्रादेशिक कार्यालयका अनुसार मातहतका विभिन्न ग्यास उद्योग मार्फत कोशी प्रदेशका जिल्लामा २३ हजारभन्दा बढी सिलिन्डर एलपी ग्यास वितरण भइरहेको छ । निगमले आयात पर्याप्त रहेको दाबी गरे पनि बजारमा ग्यास सिलिन्डरको अभाव रहेको उपभोक्ताहरु वताउँछन् ।

## आदर्श...

खेलको भूमिका सराहनीय रहेको वताए ।

बाल संस्कार, नशा मुक्त अभियान, ३० वर्ष सम्म पोलियो क्लिनिक संचालन, कृत्रिम खुट्टा बितरण, सिबिआर प्रोजेक्ट संस्थापना , काठमाडौ पशुपति क्षेत्रमा शितल जलको प्लान्ट स्थापना गरी सामाजिक काम गर्दै आईरहेको छ । त्यसैगरी करिब ३५ सय बेवारिसे लाशको पशुपति क्षेत्रमा दाहासंस्कार गर्नुको साथै रक्तदान लगायत विभिन्न कार्यक्रमहरु संचालन गर्दै आईरहेको छ ।

संस्थाले स्वर्ण जयन्तीको अवसरमा बिराटनगर बरगाछी स्थित लक्ष्मीनारायण मन्दिरमा बाटर फिल्टर प्लान्ट जडान लगायत सांस्कृतिक कार्यक्रम समेत प्रस्तुत गरेका थिए ।

## निरिक्षण...

विद्यार्थी नै भोलिको सफल नागरिक, सक्षम व्यक्ति र राष्ट्रको गौरव हो भन्दै अध्ययनलाई गुणस्तरीय बनाउन, सकारात्मक सोचको विकास गर्न तथा सामाजिक सञ्जालको प्रयोग गर्दा विशेष सतर्कता अपनाउन आग्रह गर्दै कोशी प्रहरी प्रहरी कार्यालय नेपाल प्रहरी स्कुल धरानलाई नेपालकै उत्कृष्ट स्कुलको रूपमा स्थापित गर्न सदैव क्रियाशिल रहने बताए ।




# आदर्श पुस्तकालयको अस्तित्व मेटिँदै

ऐतिहासिक दस्तावेजहरु संग्रहित रहेको आदर्श पुस्तकालयको अस्तित्व मेटिदै छ । पुस्तकालयको संरक्षणका लागि नगर क्षेत्रका बुद्धिजिवि, समाजसेवीहरुले सार्वजनिक आव्हान गरेका छन् ।

आदर्श पुस्तकालयको अस्तित्व रक्षा गर्न नगर क्षेत्रका बुद्धिजिवि, समाजसेवीहरु एक ठाउँमा उभिन ुपर्ने देखिन्छ । समाज सेवाको उद्देश्यले स्थापना भएको रोटरी क्लब इन्टरनेशनलले पुस्तकालयलाई अनाधिकृतरुपमा कब्जा गरेको स्थानीयहरुले आरोप लगाएका छन् ।

त्यसको अस्तित्व रक्षा गर्न विराटनगर महानगरपालिकाका बुद्धिजिवि, समाजसेवीहरु नगरवासीलाई एक ठाउँमा उभिन आर्दश पुस्तकालयले आव्हान गरेका छन् । पुस्तकालयको नाममा रहेको जग्गा रोटरी क्लबले विभिन्न जालझेल गरेर जग्गा आफ्ना नाममा दार्ता गराएको पुस्तकालयका अध्यक्ष भीमेन्द्र कार्कीले आरोप आरोप लगाउँदै भने आर्दश पुस्तकालय संरक्षण गर्नका लागि स्थानीयहरुलाई २०६५ सालदेखि मिलेरै जाउँ भन्दै आईरहेको छु ।

पुस्तकालयको अस्तित्वलाई मेटिनदिनु हुदैंन भनेर २०७५ सालदेखि अझ सक्रियरुपमा लागि परेको वहाको भनाइ छ । वि.सं.२००३ मा स्थापना भएको आदर्श पुस्तकालयको आफ्नै ऐतिहासीक महत्वरहेको छ । तर पुस्तकालयको इतिहास नै मेटिने गरी रोटरी क्लब अफ इन्टर नेशनलले उक्त पुस्तकालयको २ कट्ठा ५ धुर क्षेत्र फल जग्गामा २ दुई तल्ले भवन सहित कब्जामा लिएको पुस्तकालयका सञ्चालक समितिहरुले आरोप लगाएका छन् । पुस्तकालयलाई क्लबले आफ्ना स्वामित्वमा लिएपनि यो पुस्तकालय सहित जनताको स्वामित्वमा रहेको समाजसेवी बेनी गोपाल मुन्दडाको भनाई छ ।

पुस्तकालयमा विराटनगरका नागरिक र देशका हस्तीहरू मातृकाप्रसाद कोइराला, विश्वेश्वर प्रसाद कोइराला, नगेन्द्रप्रसाद रिजाल, मनमोहन अधिकारी, भरतमोहन अधिकारी, राधाप्रसाद घिमिरे, तोरेन्द्रमान सिंह प्रधान आदिले अध्ययन गरेका थिए । तर पछिल्लो समय रोटरी क्लब अफ इन्टरनेशनलले उक्त पुस्तकालय कब्जामा लिएर त्यसको अस्तित्व नै सखाप पारेको छ । यसलाई जोगाउनका लागि रोटरी क्लब अफ इन्टरनेशनलले पुन: जग्गा आदर्श पुस्तकालयको नाममा फिर्ता गर्नु आवश्यक रहेको एलिट क्लबका महासचिव यज्ञ शर्माको भनाई छ ।

यो पुस्तकालयलाई आर्दश पुस्तकालयकै नाममा सञ्चालित हुनपर्ने उहाँको जोड छ । महासचिव शर्माले एलिट क्लबले पुस्तकालय संरक्षणको विषयमा विराटनगरका बौद्धिक र सरोकारवाला पक्षसंग पटक पटक छलफल गर्दैआईरह को उहाँले जानकारी गराए । रोटरी क्लबले सहयोगी भावनाले माथिलो तला थपेको हो तर अहिले आएर जग्गा समेत कब्जा गेरको छ, पुस्तकालयको भवनमा लेखिएको शिलालेख बाट पनि पुष्टि हुन्छ, की भवन आर्दश पस्तकालयकै हो । सामाजिक सेवाको क्षेत्रमा काम गर्ने उद्देश्यले स्थापित समाजसेवी छवि भएको अन्तराष्ट्रिय संस्था रोटरी क्लब विराटनगरले पुस्तकालय जस्तो ज्ञानको मन्दिरलाई अनाधिकृत रुपमा कब्जा गर्ने गलत मनसाय राखेर काम गरिरहेको प्रति स्थानीयहरुले गम्भीर चिन्ता र चासो व्यक्त गरेका छन ।

रोटरी क्लबले दिन जान्द छ, लिन जानेको छैन, रोटरी क्लवले आदर्श पुस्तकालयको जग्गा कब्जा गरिएको आरोप गलत रहेको क्लवका अध्यक्ष शिव अधिकारीले प्रतिकृया दिए । अदालतमा चलिरहेको मुद्दा पनि फैसला भएर क्लबको नाममा जग्गा र भवन आई सकेको उहाँले जानकारी गराए ।

ट्राफिक नियमको पालना गरौ ।
सडक सुशासन कायम गरौ ।।

## लागुऔषध दुर्व्यसन नियन्त्रण गरौं

- *लागुऔषधबाट हुने स्वास्थ्य, सामाजिक र पारिवारिक असर बारे सचेत बनौं,*
- *यूवा तथा बालबालिकालाइ सृजनात्मक कार्यमा सहभागी गराऔं,*
- *साथीको दवाव वा गलत संगतबाट जोगिन प्रेरित गरौं,*
- *लागुऔषध कारोवार र दुर्व्यसन विरूद्ध सचेतना बढाऔं,*
- *समस्या परेकालाई घृणा होईन, सहयोग र पुनस्थापनाको अवसर दिऔं,*
- *परिवार, विद्यालय र समुदाय बीच सहकार्य बढाऔं,*
- *लागुऔषध प्रयोग नगरौं!नगराऔं ।*

लागुऔषध मुक्त, सुरक्षित र जिम्मेवार समाज निर्माणमा योगदान गरौं ।

नेपाल सरकार, विज्ञापन बोर्ड

## पूर्वाधार विकास कार्यालय विराटनगर, मोरंग

### पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

- सडकमा घरपालुवा चौपायाहरू बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रुख विरुवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादी निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकाको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरूले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा  झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ बाँयामा क्षति हुनेकुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाई हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवास निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिस्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधीकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुल, पुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिम रहित पुर्वाधार सेवा प्राप्ती नागरीक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।

## विराटनगर महानगरपालिकाको सूचना

- ❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर   खानेकुराहरु  नखाऔं ।
- ❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- ❒ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित  गरौं ।
- ❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- ❒ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा  नछाडौ ।
- ❒ सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- ❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- ❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- ❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- ❒ बालश्रम शोषण समाजिक अपराध हो ।
- ❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- ❒ सार्वजनिक स्थलमा जतातत‌ै फोहोरमैला नफालौं ।

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२, ९८०७३५२२१३
संवाद दाता : मंजु शर्मा कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट : विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

### लोकतन्त्रमा समान अधिकार

लोकतन्त्र केवल निर्वाचनमा मतदान गर्ने अधिकारको नाम होइन । लोकतन्त्र नागरिकले सम्मानपूर्वक बाँच्न पाउने, राज्यका अवसरमा समान पहुँच राख्ने र कानुनको नजरमा बराबरी हुने शासन व्यवस्था हो । लोकतन्त्रको वास्तविक सफलता त्यसबेला प्रमाणित हुन्छ, जब समाजका सबै वर्ग, समुदाय, क्षेत्र, लिङ्ग र आर्थिक अवस्थाका नागरिकले आफूलाई राज्यको समान हिस्सेदार भएको अनुभूति गर्न सक्छन् । नेपालले लामो राजनीतिक संघर्षपछि संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गरेको छ । संविधानले मौलिक हक, समानताको हक, सामाजिक न्याय र समावेशी प्रतिनिधित्वलाई सुनिश्चित गरेको छ ।

समान अधिकारको अर्थ सबैलाई एउटै व्यवहार गर्नु मात्र होइन । ऐतिहासिक रूपमा पछाडि पारिएका तथा अवसरबाट वञ्चित समुदायलाई समान स्तरमा ल्याउन आवश्यक अवसर र संरक्षण प्रदान गर्नु पनि समानताको महत्वपूर्ण पक्ष हो । शिक्षा, स्वास्थ्य, रोजगारी, राजनीतिक प्रतिनिधित्व, सार्वजनिक सेवा तथा न्यायमा पहुँच सबै नागरिकका लागि सहज र निष्पक्ष हुनुपर्छ । लोकतन्त्रमा कुनै नागरिक धनी वा गरिब भएकै कारण, कुनै समुदायमा जन्मिएकै कारण, कुनै भूगोलमा बसोबास गरेकै कारण वा कुनै भाषाभाषी भएकै कारण अवसरबाट वञ्चित हुनु हुँदैन ।

त्यसैगरी, लोकतन्त्रमा अभिव्यक्ति स्वतन्त्रता र आलोचनाको अधिकार पनि समान रूपमा सुरक्षित हुनुपर्छ । सरकार वा सत्तामा रहेका व्यक्तिको आलोचना गरेकै कारण नागरिकमाथि विभेद वा दबाब हुनु लोकतान्त्रिक संस्कार होइन । आलोचनालाई शत्रुता होइन, सुधारको अवसरका रूपमा लिन सक्ने राजनीतिक संस्कृति आवश्यक छ । जात, धर्म, भाषा, क्षेत्र वा राजनीतिक विचारका आधारमा घृणा फैलाउने प्रवृत्तिले समाजमा विभाजन बढाउँछ । त्यसैले समान अधिकारको संरक्षणसँगै सहिष्णुता, सद्भाव र सामाजिक उत्तरदायित्वको विकास पनि आवश्यक छ ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोरञ्जन र भ्रमणको योग छ ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ । इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ । मित्रहरको सहयोग राम्रो रहने छ ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ । व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द) :**सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु** होला । **भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

# मधेशमा बढेको रैथाने सद्भाव, जोगाउने चुनौती

*– सुनसरीको देवानगञ्जमा दुई समुदायबीच भएको हिंसात्मक झडपमा दुई जनाको मृत्यु भएको छ र यस घटनाले मधेशका विभिन्न जिल्लामा सामाजिक तनाव सिर्जना गरेको छ ।*

*– साम्प्रदायिक तनाव कम गर्न र दिगो शान्ति कायम गर्न निष्पक्ष छानबिन, पीडितलाई न्याय, प्रशासनिक तटस्थता तथा समुदायबीचको निरन्तर संवाद अपरिहार्य देखिएको छ ।*

*– डिजिटल सञ्जालमा फैलिने अफवाह र राजनीतिक ध्रुवीकरणले मधेशको पुस्तौंदेखिको सामाजिक सद्भाव र रैथाने सहअस्तित्वमाथि गम्भीर चुनौती थपेको छ ।*

*– देवानगञ्जबाट फैलिएको तनावले मधेशको सामाजिक सम्बन्धमा गहिरो चोट पुऱ्याएको छ । तत्काल हिंसा रोक्नु मात्र पर्याप्त हुँदैन । निष्पक्ष छानबिन, पीडितलाई न्याय, जिम्मेवार प्रशासन र समुदाय बीचको निरन्तर संवादले मात्र दिगो शान्तिको आधार बनाउन सक्छ ।*

**संतोष मेहता**

कुनै समाज एकै दिन साम्प्रदायिक बन्दैन। लामो समयदेखि जम्मा भएको अविश्वास, राजनीतिक ध्रुवी करण, प्रशासनिक कमजोरी र अफवाहले सामान्य विवादलाई समेत हिंसामा बदल्न सक्छ ।

सुनसरीको देवानगञ्जस्थित कप्तानगञ्जमा दुई समुदाय बीच भएको विवाद हिंसात्मक झडपमा परिणत भयो। स्थिति नियन्त्रणमा लिन सुरक्षाकर्मीले चलाएको गोलीबाट स्थानीय ओमप्रकाश मेहताको घटना स्थलमै मृत्यु भयो । गम्भीर घाइते जयप्रकाश मेहताको उपचारका क्रममा मृत्यु भयो। त्यसपछि तनाव मधेशका विभिन्न जिल्लासम्म फैलियो ।

झडप, आगजनी, तोडफोड र आक्रमणका घटनाले भौतिक क्षति मात्र गरेनन्, पुस्तौंदेखि सँगै बसेका समुदाय बीच आशंका र भय पनि जन्माए । हिंसाको क्षति घाइतेको संख्या, जलेका घरपसल वा नष्ट भएको सम्पत्तिले मात्र मापन हुँदैन । यसले समाजमा छोड्ने अविश्वासको मनोविज्ञान अझ गम्भीर हुन्छ ।

तनाव नियन्त्रणमा आए पनि यसलाई दिगो शान्ति मान्न मिल्दैन। निष्पक्ष छानबिन, पीडितलाई न्याय र समुदाय बीच विश्वास पुनर्निर्माण नभएसम्म हिंसाको तुष भित्रभित्रै बाँकी रहन सक्छ। घृणाको उत्तर अर्को घृणा हुन सक्दैन; त्यसको विकल्प न्याय, संवाद र रैथाने सद्भाव हो ।

**साझा माटोमा बनेको सहअस्तित्व**

मधेशको सामाजिक जीवन हिन्दु र मुस्लिम समुदाय बीचको अन्तरघुलनबाट बनेको छ । छठ घाट व्यवस्थापनमा मुस्लिम छिमेकीको सहभागिता, दशैं-तिहारमा साटिने शुभकामना, ईदको भोज तथा मोहर्रमको ताजिया र झरनी नाचमा देखिने साझा उपस्थिति कुनै कानूनले निर्माण गरेको सम्बन्ध होइन । यो दैनिक जीवनबाट विकसित भएको सामाजिक अभ्यास हो ।

मधेशका हिन्दु, मुस्लिम, थारू, दलित र अन्य समुदायले भोगेको गरिबी, बेरोजगारी, राज्यबाट उपेक्षित भएको अनुभूति र आफ्ना सन्तानका लागि देखेको सपना धेरै हदसम्म साझा छ । विभिन्न राजनीतिक तथा सामाजिक आन्दोलनमा पनि यी समुदायले पहिचान, समानता र स्वाभिमानका मुद्दामा सहकार्य गरेका छन् ।

राजा सलहेसका गहबर, मलङ्ग बाबाको मजार र मदार बाबाको मेला जस्ता सांस्कृतिक स्थलमा विभिन्न धर्मका मानिस पुग्छन् । महोत्तरीको पडौलस्थित कारिक बाबा र सूफी सन्त मेइरा बाबासँग जोडिएका लोककथा पनि यही सांस्कृतिक अन्तरघुलनका उदाहरण हुन् ।

मधेशका केही ग्रामीण समुदायमा पाइने 'गोसाईं-पिर' परम्पराले यो सम्बन्धलाई अझ स्पष्ट पार्छ । कतिपय हिन्दु तथा थारू परिवारले बाला पिर, गाजी मियाँ, चौहरमल र पाँच पिरलाई आफ्ना परम्परागत आस्थासँगै सम्झन्छन् । पूजा वा भोगका लागि स्थानीय मुस्लिम फकिरलाई बोलाउने अभ्यास समेत केही स्थानमा कायम छ ।

सोहर, समदाउन, कजरी, चैता र फगुवा जस्ता लोकगीतमा हिन्दु र मुस्लिम आस्थाका प्रतीक सँगै आउँछन् । अल्हा-ऊदल जस्ता लोकगाथामा फरक समुदायका पात्र साझा उद्देश्यका लागि लडेको कथा सुनिन्छ । मैथिली, भोजपुरी, बज्जिका र थारू भाषाले निर्माण गरेको क्षेत्रीय सम्बन्ध धार्मिक पहिचानभन्दा फराकिलो छ ।

यही रैथाने सम्बन्ध मधेशको सामाजिक पूँजी हो । साम्प्रदायिक तनावले सबैभन्दा पहिले यही पूँजीमाथि प्रहार गर्छ ।

**पहिचानको बहस र राजनीतिक प्रयोग**

बहुआयामिक पहिचानलाई एउटै धर्म वा समुदायमा सीमित गर्दा सामाजिक ध्रुवीकरण बढ्छ । मधेशी पहिचान पनि कुनै एक धर्म वा जातिको मात्र होइन । यो भाषा, भूगोल, इतिहास, संस्कृति र राजनीतिक अनुभवबाट बनेको साझा चेतना हो ।

तर पहिचानको विषयलाई समय-समयमा राजनीतिक लाभका लागि प्रयोग गरिएको छ । समुदायको अधिकार र प्रतिनिधित्व बारे हुनुपर्ने बहसलाई 'को मधेशी हो र को होइन ?' भन्ने प्रतिस्पर्धामा सीमित गर्दा साझा मुद्दा कमजोर हुन्छ ।

२०७९ सालमा मधेशी आयोगले थारू र मुस्लिम समुदायका विभिन्न संस्थाबाट प्राप्त निवेदनका आधारमा उनीहरूलाई 'मधेशी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन-२०७८' बाट हटाउने निर्णय गरेको थियो । पछि मुस्लिम आयोगले मुस्लिम समुदायलाई पुन: मधेशी सूचीमा राख्न आग्रह गऱ्यो । यस घटनाले पहिचानको प्रश्न समुदायभित्रै पनि जटिल र बहसपूर्ण रहेको देखाउँछ । यसलाई कुनै एउटै पक्षको षड्यन्त्रका रूपमा प्रस्तुत गर्नुभन्दा सम्बन्धित समुदायको आत्म पहिचान, संवैधानिक प्रतिनिधित्व र अधिकारका आधारमा समाधान खोज्नुपर्छ ।

नोबेल पुरस्कार विजेता अर्थशास्त्री अमर्त्य सेनले आइडेन्टिटी एन्ड भायलेन्समा मानिसको पहिचान एकल नहुने तर्क गरेका छन् । एउटै व्यक्ति धर्म, भाषा, पेशा, वर्ग, लिङ्ग, भूगोल र राष्ट्रियता जस्ता अनेक पहिचानसँग जोडिएको हुन्छ । राजनीतिक शक्तिले तीमध्ये एउटा पहिचानलाई मात्र उत्तेजित गर्दा अर्को समुदायलाई शत्रुका रूपमा हेर्ने जोखिम बढ्छ ।

साम्प्रदायिकता धर्मको स्वाभाविक परिणाम होइन । धार्मिक पहिचानलाई सत्ता, भय र राजनीतिक परिचालनको साधन बनाइँदा साम्प्रदायिकता जन्मिन्छ ।

**प्रशासनिक निष्पक्षताको प्रश्न**

साम्प्रदायिक तनावका प्रारम्भिक संकेत देखिँदै गर्दा स्थानीय प्रशासनले छिटो, निष्पक्ष र विश्वसनीय हस्तक्षेप गर्नुपर्छ । कुनै समुदायलाई काखा र अर्कोलाई पाखा गरिएको अनुभूति भयो भने राज्यप्रतिको विश्वास कमजोर हुन्छ ।

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरू

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२०००० 
इटहरी बारुणयन्त्र ५८०१०१ 
धरान बारुणयन्त्र ५२०१९९ 
इनरुवा बारुणयन्त्र ५६०१०१ 
दमक बारुणयन्त्र ०२३-५८०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३ 
नेरिसो रंगेली ५८००४८

**अस्पताल**

कोशी अ.अ.इमरजेन्सी ५२४२३४ 
रंगेली अस्पताल ५८००४८ 
आँखा अस्पताल ५२३७०६ 
सुरक्षा अस्पताल प्रा.लि. 
०२१-५३६९४१, ५२२८७७ 
एम्बुलेन्स ९८०२७५३७१७,

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय 
०२१-४३५००१ 
जिल्ला प्रहरी कार्यालय 
५३०३५८, ५२३९०१,१०० 
नगर प्र.का.. बिराटनगर 
५२१८५०, ५३०३६७, ११०, 
इ.प्र.का. रंगेली 
८०१००८०१३० 
इ.प्र.का. उर्लाबारी 
०२१-५४०००२ 
सिमा प्रहरी चौकी

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

# मगहीलोक संस्कार

## विवाह पूर्व (पहिला) विधी

क्रमश :

१४) बरियाती/बराती/जन्ती :

तिलक कार्य सु सम्पन्न भई सकेपछि किटान गरिएको मिति, समय र स्थानमा केटा पक्षले बडो महत्व र धुमधामका साथ केटीको लागि बस्त्र, आभुषण, फलफुल, मिठाई आदी लिई रङ्गीचङ्गी भएर केटीको घरमा बराती लिएर जान्छ। सो बराती जाने क्रममा बडोहर्षोउल्लासका साथ बाजागाजा सहित धुमधाम तामझाम सहित पुगिन्छ। परम्परात रुपमा रसनचौकी (ढोल, पिपही आदी बजाएर जान्थ्यो भने अहिले यो बाजाहरु लोप हुन लागेकोले व्याण्ड बाजा नै प्रयोग गरिन्छ। आधुनिकतासँगै केही कुराहरु पनि थपघट भएको पाइन्छ। पहिला बराती तिन दिन रही फर्केने गरिन्थ्यो भने आजकल समय अभाव रहेको भन्दै एक रात बसी भोलिपल्ट फर्केने गरिन्छ। राती जन्ती जाने हुनाले रातीको विवाह लगन किटान गरिन्छ। बराती प्रस्थान गर्नु अगाडी बेहुलाको आमाले स्तनपान गराउने चलन छ र केटाले तोरी छर्किने गर्छ। आमाले स्तनपान गर्नुको मतलव आमालाई सधैं याद गर्नु, आमाको दुधको महत्वको बारेमा देखाउँछ। बेहुलाले टाँउकोमा मौर लगाएर बिहेको लागि प्रस्थान गर्छ। आजकल दिनमा विहे हुन थालेको छ।

विवाहमा बराती साक्षीको रुपमा हुन्छ। बराती प्रस्थान गर्नु अगाडी आफनो ग्रामथानमा रहको ब्रहम्स्थान र डिहवार थानमा पान सुपाडीले पुजा गर्ने चलन छ। बेहुला आफ्नो घरबाट कहार/पाल्कीमा बसेर जाने गर्थे दुई जना अगाडी र दुई जना पछाडी बाँसको बनाएको पाल्की मा बोकेर लाने गर्थे। अहिले त्यो पाल्की कहार लोप भईसकेको अवस्थामा छ।

१५) डोमकछ/लटछार : विवाहको लागि बराती प्रस्थान गरी सकेपछि घरमा महिलाहरु मात्र रहेको अवस्थामा बेहुलाको घरमा रातभरी महिलाहरु गीत गाउने, नाच गर्ने, संवाद गर्ने, नाटक जस्तो गरेर अभिनय गर्ने आदी गरेर हान्ने हसाँउने गर्छ त्यसलाई डोमगछ भनिन्छ। रातभरी रमाइलो गर्ने चलन रहेको छ। दिनमा बराती आउन् भन्दा पहिला गुनामुना पकाउने, गीत गाउने, केश छान्न कोर्ने गर्छ त्यसलाई लटाढार भनिन्छ।

१६) डिहवारपुजा ग्रामथान पूजा अर्को गाँऊबाट बराती आईसकेपछिवेहुली पक्षका मान्छेहरुले गाँऊ प्रवेश गर्ने बित्तिकै ग्रामचानमा पुजा गर्न लगाइन्छ। थानमा पूजा गर्नाले शुभ मानिन्छ। पाँचवटा सुपाडी र क्षमता इच्छा अनुसार धानमा रुपैया चढाइन्छ। सो रुपैया पुजारीको हुन्छ। यसलाई चनलगी भनिन्छ।

१७) द्वारपुजा परिक्षण बांसबाट बनाइएको दौउरा रंगीन ढकिया) मा दुबौ, धान, हल्दी, आँपको पल्लो, दही, बलिरहेको दिप, पानको पात, सुपाडी, काजर, पिठार, द्रव्य, रुपैया, काठले बनेको रही। दाल घोटनो। र तामा फूलही लोटामा पानी लिएर बेहुलालाई परिक्षण गर्ने चलन रहेको छ। अर्थात बेहुलालाई शुद्धिकरण गर्ने विधिलाई परिक्षण भनिन्छ अर्को गाँउबाट आउँदा सब भन्दा पहिला जब बराती केटी घरको दरबाजामा आईपुग्छ परिक्षण गर्ने चलन यथावत रहेको छ। परिक्षण बेहुलीको आमा, हजुरआमा, काकी, मामी, मौसी, दिदी वा जेष्ठ महिलाहरुले गर्ने चलन रहेको छ। दरवाजामा गरिने पुजालाई द्वारपुजा भनिन्छ। बेहुलालाई आरती गर्ने, गाला सेक्ने, कसैले नजर नलगाओस भनेर काजर (काजल) लगाउने आदी विधिहरु सम्पन्न गरिन्छ।

१८) स्वंयवर :

बेहुला र बेहुलीलाई एक ठाँउमा राखेर स्वयंवर गराईन्छ। सो समयमा बेहुलीले बेहुलालाई पाँच पटक परिक्रमा गर्ने र थोरै थोरै पानी चारै कुनामा पोख्ने चलन रहेको छ। चारवटा कुमारी कन्या चार कुनामा फुल, माला, अगरबति लिएर उभिरहेको हुन्छ। एक अर्कोलाई दुबौको माला लगाई स्वयंवर सुसम्पन्न गरिन्छ। कतै कतै बेहुलाको खुट्टा पानीले धुने चलन रहेको छ। सुनको औंठी एक अर्कोले अंगुठामा लगाई दिन्छ। त्यसपछि केटापक्ष र केटीपक्षको प्राय सबै बुवा, काका, मामा, हजुरबुवा, नाना, गाँऊको अगुवा आदीले स्वयंवरको मंचमा चढेर आशिर्वाद दिने गर्छ। अन्तमा बेहुलीले बेहुलालाई ढोगेर आशिर्वाद लिने चलन पनि रहेको छ।

१९) बरातीलाई स्वागत सत्कार :

स्वयंवर सकेपछि आर्थिक अवस्था र मौसम अनुसारको नास्ता, पानी, विडी सुपाडी, पान, आदी स्वागत सामग्रीले बरातीलाई स्वागत सत्कार गरिन्छ। प्राय: रातीमा नै विवाह गर्ने चलन भएको कारणले बरातीलाई बासस्थानको व्यवस्था गरिएको हुन्छ। त्यहाँ गएर सबै बरातीहरुलाई बस्न, सत्न कराकानी गर्न, विवाहको विधिहरु कसरी गर्ने, के गर्ने, कस्ले के मा भाग लिने आदी कुराहरुको छलफल पनि त्यही हुन्छ। अर्थात बराती रहुन्जेल सम्म त्यो स्थान बरातीको घर जस्तै रहेको हुन्छ। त्यसको लागि कुनै किसिमको शुल्क लिइदैन्। बरातीलाई आवश्यक सबै किसिमको स्वागत त्यहाँ गरिन्छ।

२०) बेहुला बेहुली निरीक्षण :विवाह भन्दा पहिला बेहुलीको घरमा निरीक्षण गर्ने कार्यक्रम हुन्छ। बेहुला पक्षले बेहुलीलाई निरिक्षण गर्ने चलन रहेको छ। यसमा बेहुला पक्षले बेहुलीको लागि ल्याइएको सम्पूर्ण सामग्रीहरु कपडा, गरगहना, पान सुपाडी, श्रगारको समानहरु, फलफूल, मिठाई आदी बेहलीको हाथमा बेहलाको मामा/जेरो दाजले दिन्छ। त्यसपछि विवाहित पुरुष महिलाहरुवाट बेहलीलाई आर्शिवाद रुवरुप दुवौ धान छर्किन्छ। त्यस्तै, बेहुली पक्षबाट बेहुलालाई निरिक्षण गर्ने चलन रहेको छ।

२१) अठमँगरा/ठोंगर :

आठ वा दश जना बेहुला सहित. सबै मिलेर लगनको धान ओखलमा समाठ (मूसल) ले कूटने विधि। सो चामलले बेहुलाको बुवा/मामा/काका ७ बेहुलीको बुवा/मामा/काका मध्ये एक एक जनाले मडवामा गेठबन्हन गर्ने गर्छ। यसमा पनि गीत गाउने चलन रहेको छ।

२२) भँउरी/सप्तपदी :

बेहुलीको भाईले बेहुलाको घाँटीमा गमछा बाँधेर मडवाको चारै तिर सात/पाँच पटक परिक्रमा गराईन्छ। यसलाई सप्तपदी को शास्त्रीय विधिको एउटा अंग मानिन्छ। कुनै कुनै स्थानमा बेहुलीको भाईले नाक समातेर मडवाको ५/७ पटक परिक्रमा गराईन्छ। यसले बेहुलाको श्वास प्रश्वास प्रति कति पुरुषार्थ रहको छ त्यो देखिने बताईन्छ।

२३) लावा छिंटाई :

बेहुलीको भाईले पाँच पटक बेदीको परिक्रमा गर्दै लावा छर्किन्छ। लावा सुपलीमा राखेर छर्किन्छ।

२४) संझा-पराती :

शुभबैवाहिक कार्यक्रम सम्पन्न नहुन्जेल सम्म गृहदेवताको घरको दरवाजामा पंक्तिबद्ध बसेर सुबह साँम (विहान बेलुका) महिलाहरुले प्रसंग विधि अनुसारको गीत गाउने चलन रहेको छ जसलाई संझा-पराती भनिन्छ

२५) पहुरामा :

विवाह भन्दा पहिला गृहदेवताकुलदेवताको पुजा गरिन्छ जसलाई कुनै-कुनै स्थानमा पहरामा भनिन्छ।

२६) खारखूर-छोडाई :

बेहुलालाई नुहाउने चलन प्रथालाई खारखूर-छोडाई भनिन्छ। यो विशेष महत्वको विधि हो।

२७) इमली-घोंटाई

२८) खरखुर चुनना यो विधि पनि लगभग लोप भईसकेको छ।

२९) कन्यादान :

शास्त्रीय विधि अनुसार छोरीलाई कन्या दान गर्ने चलन रहेको छ।

विवाहाको दिन पुरोहितबाट मन्त्र उचारण गरेर द्रव्य (सुन), बस्त्र, फलफुल, मिठाई, पान सुपाडी, रुपैया, आदी दिएर कन्यादान गर्ने गरिन्छ। कन्यादान प्राय मामा मामी, जेठी दिदि/भिनाजु, काका काकी, आमा/बुवा, जेठो दाजु/भाउजु ले गर्ने चलन रहेको छ। कन्यादान गर्नेको निकै ठुलो महत्व रहने गरेको छ। कन्या दान गर्ने व्यक्तिको लागि केटा पक्षबाट उपहार पनि दिईन्छ। कन्यादान लाई कन्या सम्मान पनि भनिन्छ। मडवामा बेहुला र बेहुलीको हात एक अर्को माथि राखेर विधि अनुसार केही द्रव्य दान गर्ने प्रथा रहेको छ।

३०) लगनवट्टी :

गमछामा दुईभ धान (दुवो र धान), हल्दी, पान, सुपाडी र पैसा हालेर बाँधिन्छ र केटा पक्ष र केटी पक्षको बुवाहरुले वा सो सरहको अभिभावकहरुले मडवाको छाप्रोमा बाधने गरिन्छ। जुन पक्षले बाँधेर पहिला आउँछ त्यसलाई विजयता भनिन्छ।

३१) गठबन्धन: कन्यादान गर्ने समयमा बेहुला र बेहुलीलाई धोतीमा गठबन्धन गरेर बाँधने गर्दछ। यो महत्वपूर्ण विधि हो।

३२) सिंदुर दान/सेनुरदान : विवाहमा सब भन्दा महत्वपूर्ण विधि हो सेनुरदान। यो विधि सुसम्पन्न गर्नको लागि नै विभिन्न विधिहरु सम्पन्न गर्ने गरिन्छ। बेहुलीको सिर/मांग/ विह/ टाउकोमा प्रथम पटक बेहुलाबाट सिन्दुर हालिन्छ/राखिन्छ। त्यसैलाई सेनुरदान भनिन्छ। त्यसपछि विवाह सुसम्पन्न भएको मानिन्छ। विवाह गर्ने बेलामा बेहुलाले बेहुलीलाई पहिलो पटक तिन/पाँच पटक सिन्दुर हाल्ने गर्छ। विवाहको समयमा बेहुलाले कुर्ता पहेलो रंगको धोती र गम्छा लगाएको हुन्छ भने बेहुलीले पहेलो रंगको साडी, साया र चोलो अनिवार्य रुपमा लगाईन्छ।

३३) कोहवर: विवाह विधिपुर्वक सुसम्पन्न भई सकेपछि बेहुला बेहुलीलाई गोसाँई/ गृहदेवताको घरमा लगेर पुजा गराईन्छ र दुबै जनालाई प्रथम पटक मिलन पनि गराईन्छ। कोहवर जानेवेलामा सालीले दुवार/गेटमा रोक्न प्रयास गरेपछि बेहुलाले सालीलाई रुपैया दिएर मनाउने चलन रहेको छ। जसलाई दुवार छेकाई पनि भनिन्छ।

३४) महफिल : विवाह सम्पन्न भएपछि बेहुला बेहुली दुवै पक्षको रिस्तेदारहरु र दोस्तीयारहर मिलेर चिनजान परिचयपात्र गर्न गराउनको लागि एउटा कार्यक्रमको आयोजन गरिन्छ जसलाई महफिल भनिन्छ। उत्सव आनन्द पनि भनिन्छ। तर आजकल यो उत्सवलाई समयको अभाव देखाउँदै छोडन थालेको देखिन्छ।




# लागुऔषध बोकेको ट्रक नियन्त्रणमा

विराटनगर। लागुऔषध बोकेको गाँजा सहित दुईवटा ट्रक सहित दुई जना मानिसलाई प्रहरीले पक्राउ गरेका छन्।

साउन २२ गते शुक्रबार जिल्ला प्रहरी कार्यालय खोटाङले १ हजार ३ सय १५ किलोग्राम लागू औषध गाँजा सहित ट्रकलाई नियन्त्रणमा लिएको थियो।

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-७ स्थित मध्यपहाडी लोकमार्गको जंगलमा प्र.१-०२-००२ ख ००८३ नम्बरको ट्रक शंकास्पद अवस्थामा रोकेर राखेको छ भन्ने बिशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय खोटाङबाट खटिएको प्रहरी टोलीले उक्त ट्रकलाई चेकजाँच गर्ने क्रममा चालक बस्ने क्याबिनमा फल्स बटम लगाई लुकाई छिपाई राखेको अवस्थामा १ हजार ३ सय १५ किलोग्राम गाँजा बरामद गरेको थियो।

गाँजा बरामद भएसँगै उक्त ट्रकलाई नियन्त्रणमा लिई ओसार पसारमा संलग्न व्यक्तिहरुको खोजी कार्य भईरहेको प्रहरीले जनाएको छ।

त्यसैगरी इलाका प्रहरी कार्यालय भेडेटार धनकुटाले धनकुटाको साँगुरीगढी गाउँपालिका-६ भेडेटार चोक स्थितबाट ट्रकमा लुकाइछिपाई ल्याईएको ६४७ किलोग्राम गाँजा सहित चालक र सहचालकलाई पक्राउ गरेको थियो। साउन २१ गते चेकजाँचमा खटिएको प्रहरी टोलीले कोशी लोकमार्ग स्थित सडक खण्डमा धनकुटा बाट विराटनगर तर्फ जाँदै गरेको ना. ३ ख ५०९५ नम्बरको ट्रकलाई प्रहरीले रोकेर चेकजाँच गर्ने क्रममा ट्रकभित्र कालो प्लाष्टिकमा प्याक गरी ४८ वटा पोकामा राखिएको ६ सय ४७ किलोग्राम लागू औषध गाँजा फेला पारी बरामद गरेको थियो।

गाँजा बरामद गरेसँगै ट्रक चालक मकवानपुर कैलाश गाउँपालिका-३ का २७ वर्षीय उमेश थिङ र सहचालक धनकुटा शहिदभूमि गाउँपालिका -१ का ३६ वर्षीय तुलराम राईलाई पक्राउ गरिएको छ। पक्राउ परेका दुवै जनाको जिल्ला प्रहरी कार्यालय धनकुटाबाट लागूऔषध सम्बन्धी कसुरमा थप अनुसन्धान भइरहेको छ।

# प्रहरी कर्मचारीसँग परिचायात्मक भेटघाट

विराटनगर। कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक शेखर खनालले कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगरमा कार्यरत सिनियर प्रहरी अधिकृतदेखि आधारभूत तहसम्मका प्रहरी कर्मचारीहरू सँग परिचयात्मक भेटघाट तथा अन्तरक्रिया सम्पन्न गरेका छन्।

साउन २२ गते कोशी प्रदेश प्रहरी कार्यालयको सभाहलमा आयोजित कार्यक्रममा उहाँले अन्तरक्रियाका क्रममा प्रहरी कर्मचारीहरूले उठाएका समस्या, गुनासा, जिज्ञासा तथा सुझावहरू लाई गम्भीरतापूर्वक सुनुवाई गर्नुका साथै संगठनको नीति, कानुनी व्यवस्था र उपलब्ध स्रोत-साधनको आधारमा यथोचित सम्बोधन गर्ने प्रतिबद्धता वनाएका थिए।

उहाँले संगठनभित्र अनुशासन, व्यावसायिकता, पारदर्शिता, जवाफदेहिता र सेवामुखी कार्यशैलीलाई थप सुदृढ बनाउन तथा आफ्नो व्यक्तिगत सुरक्षा, स्वास्थ्यमा सदैव ध्यान दिन सम्पूर्ण प्रहरी कर्मचारीलाई निर्देशन दिएका थिए। प्रदेश प्रहरी प्रमुख खनालले नागरिकको विश्वास जित्ने आधार भनेकै इमानदार, निष्पक्ष र प्रभावकारी प्रहरी सेवा भएको उल्लेख गर्दै प्रत्येक प्रहरी कर्मचारीले उच्च मनोबल, नैतिक आचरण र जिम्मेवारीबोधका साथ आफ्नो कर्तव्य निर्वाह गर्नुपर्नेमा जोड दिदै उहाँले संगठनभित्र आपसी समन्वय, सहकार्य र सकारात्मक कार्यसंस्कृतिको विकासले प्रहरी संगठनलाई अझ सक्षम र जनउत्तरदायी बनाउने विश्वास व्यक्त गरेका थिए।

सोही अवसरमा उपस्थित महिला प्रहरी कर्मचारीहरूसँग पनि छुट्टै अन्तरक्रिया गरेको थियो। महिला प्रहरी कर्मचारीका अनुभव, समस्या, गुनासा तथा सुझावहरूलाई सम्बोधन गर्दै प्रदेश प्रहरी प्रमुख खनालले आधुनिक प्रहरी संगठनमा महिला प्रहरीको भूमिका अपरिहार्य, प्रभावकारी र सम्मानित रहेको बताएको थियो।

उहाँले महिला प्रहरी कर्मचारीलाई पेशागत क्षमता विकास, नेतृत्वदायी भूमिका र जिम्मेवारी निर्वाहमा आत्म विश्वासका साथ अघि बढ्न प्रेरित गर्दै कार्यसम्पादनका क्रममा देखिएका समस्या तथा गुनासाहरूलाई प्राथमिकताका साथ सम्बोधन गरिने विश्वास दिलाउँदै कार्यक्रमले प्रहरी प्रमुख र प्रहरी कर्मचारीहरु विच आत्मियता भाव बिकाश हुने, प्रहरी कर्मचारीहरुको पिरमार्का समस्या तत्काले सम्बोधन गर्ने उदेश्यले कोशी प्रदेश प्रहरी कार्यालयले यस्ता कार्यक्रमलाई निरन्तरता दिदै आईरहेको छ।

# कर्सिया बजार व्यवस्थापनमा धनपालथानको निरन्तर सुधारको प्रयास




**चन्दन कुमार पासवान**

धनपालथान । मोरङको धनपालथान गाउँपालिका(स्थित कर्सिया बजारमा बजार व्यवस्थापन, सरसफाइ, सडक अतिक्रमण, सार्वजनिक सेवासुविधा तथा नियमित बजार अनुगमनलाई प्रभावकारी बनाउन स्थानीयवासी ले सम्बन्धित निकायको ध्याना कर्षण गराएका छन् । बजारलाई व्यवस्थित, सफा, सुरक्षित र सेवामैत्री बनाउन तत्काल आवश्यक सुधारका कदम चाल्नुपर्ने उनीहरूको माग छ । साथै, पछिल्लो समय गाउँपालिकाले गरेका विभिन्न विकास निर्माणका कार्यप्रति स्थानीयले सकारात्मक प्रतिक्रिया दिएका छन् ।

स्थानीयका अनुसार कर्सिया बजारको सरसफाइका लागि दैनिक ४ हजार ४ सय रुपैयाँको दरले टेन्डर आह्वान गरिएको भए पनि उक्त बजेटले प्रभावकारी रूपमा सरसफाइ गर्न कठिन हुने देखिएको छ । पाँच जना सफाइ कर्मचारी परिचालन गर्नुका साथै ट्र्याक्टरमार्फत फोहोर ढुवानी गर्नुपर्ने भएकाले पर्याप्त बजेट व्यवस्थापन गरेर मात्रै टेन्डर प्रक्रिया सञ्चालन गर्नुपर्ने सुझाव दिइएको छ ।

बजारका अधिकांश पसलले सडक पेटीमै सामान राख्ने तथा पसल अगाडि बनाइएका संरचना समेत पैदलमार्गमा फैलिँदा सर्वसाधारणलाई आवतजावतमा कठिनाइ भइरहेको स्थानीयको गुनासो छ । त्यस्तै हुलाकी सडकअन्तर्गत हटिया क्षेत्रमा सडकमै खुद्रा व्यापार सञ्चालन हुँदा पैदलयात्री र सवारीसाधन दुवैलाई समस्या हुने गरेको भन्दै सम्बन्धित निकायले तत्काल व्यवस्थापन गर्नुपर्ने माग गरिएको छ ।

कर्सिया बजारमा सार्वजनिक शौचालयको अभाव रहेको स्थानीयको भनाइ छ। त्यस्तै बजार क्षेत्रमा सार्वजनिक खानेपानीको व्यवस्था नहुँदा सर्वसाधारण तथा सेवाग्राहीले समस्या भोग्दै आएकाले आवश्यक पूर्वाधार निर्माण गर्नुपर्ने माग गरिएको छ । शैक्षिक तथा बौद्धिक विकासका लागि सार्वजनिक पुस्तकालय स्थापना गर्नुपर्ने आवश्यकता पनि स्थानीयले औँल्याएका छन् ।

दैनिक उपभोग्य वस्तुको मूल्य, गुणस्तर र नापतौलको नियमित अनुगमन नहुँदा उपभोक्ता मारमा परेको गुनासो गर्दै स्थानीयले कर्सिया हटियामा नियमित बजार अनुगमन गर्न माग गरेका छन्। त्यस्तै नेपालमा प्रतिबन्धित भनिएका भारतीय पेय पदार्थहरू बजारमा बिक्री भइरहेको दाबी गर्दै सम्बन्धित निकायले आवश्यक छानबिन र कारबाही गर्नुपर्ने उनीहरूको भनाइ छ ।

कर्सिया हटियामा बिक्री हुने खसीको मासुको गुणस्तर तथा सम्भावित मिलावटबारे नियमित परीक्षण गर्नुपर्ने मागसमेत गरिएको छ । साथै, नेपालभर प्रतिबन्धित भनिएको मङ्गरी माछा बजारमा अझै बिक्री भइरहेको दाबी गर्दै त्यसतर्फ पनि सम्बन्धित निकायले निगरानी बढाउनुपर्ने स्थानीयको माग छ ।

मदिरा बिक्री(वितरणका लागि निश्चित समयसीमा तोक्नुपर्ने आवश्यकता पनि स्थानीयले औँल्याएका छन् । हाल रातिसम्म मदिरा बिक्री भइरहेकाले यसको नियमन गर्नुपर्ने उनीहरूको भनाइ छ ।

फोहोर व्यवस्थापनमा पनि सुधार आवश्यक रहेको स्थानीयको गुनासो छ । बजारका विभिन्न स्थानबाट संकलन गरिएको फोहोर एकै ठाउँमा दुई( चार दिनसम्म थुपारेर राख्दा दुर्गन्ध फैलिने, वातावरण प्रदूषित हुने तथा स्वास्थ्यमा असर पर्ने भएकाले फोहोर संकलनसँगै तत्काल उचित व्यवस्थापन गर्नुपर्ने माग गरिएको छ। गाउँपालिकाकी प्रमुख प्रशासकीय अधिकृत रिता खतिवडाले कर्सिया बजार व्यवस्थापनका लागि पालिकाले थप योजना बनाइ रहेको बताइन । उनले भनिन,"कर्सिया पशु बजार सञ्चालन गर्नका लागि पनि सूचना प्रकाशन गरिएको छ ।"

यस्तै, कर्सिया बजारमा सिटी टेम्पुहरू जथाभावी पार्किङ गर्ने समस्या पनि रहेको स्थानीयले बताएका छन्। हालसम्म व्यवस्थित पार्किङ स्थल नबनाइ एकाले बजार क्षेत्रमा ट्राफिक व्यवस्थापन चुनौतीपूर्ण बनेको उनीहरूको भनाइ छ । सिटी टेम्पुका लागि छुट्टै पार्किङ तथा जक्सन निर्माण गरी सञ्चालनमा ल्याउन सके दुर्घटनाको सम्भावना कम हुने र सर्वसाधारण लाई आवतजावत मा सहज हुने विश्वास स्थानीयको छ ।

गाउँपालिका उपाध्यक्ष नसिमा बानोले कर्सिया बजार व्यवस्थापनमा पालिकाले निरन्तर काम गरिरहेको बताइन् ।

यसैबीच, धनपालथान गाउँपालिकाले पछिल्लो समय सञ्चालन गरेका विभिन्न विकास निर्माणका कामप्रति स्थानीयवासीले प्रशंसा गरेका छन्। विशेषगरी लामो समयदेखि अलपत्र रहेको कटहरी(कर्सिया हुलाकी सडक निर्माणलाई गाउँपालिकाले पहल गरी कालोपत्रे गराएपछि स्थानीयमा खुसी छाएको छ । विगत आठ( नौ वर्षदेखि जीर्ण अवस्थामा रहेको उक्त सडकका कारण यात्रुले सास्ती भोग्दै आएका थिए। समयमै पहल गरेर सडक निर्माण सम्पन्न गराएको भन्दै स्थानीयले गाउँपालिकाप्रति आभार व्यक्त गरेका छन् ।

त्यसैगरी, विगत केही वर्षदेखि जीर्ण र अव्यवस्थित अवस्थामा रहेको बीपी चोकको पुनःव्यवस्थापन तथा बीपीको सालिक निर्माण कार्यलाई पनि स्थानीयले सकारात्मक रूपमा लिएका छन् । यसले बजारको सौन्दर्य बढाउनुका साथै ऐतिहासिक महत्वसमेत जोगाएको उनीहरूको भनाइ छ ।

धनपालथान गाउँपालिकाले कर्सिया बजारमा सडक बत्ती जडान गरेपछि रातिको समयमा आवतजावत सहज हुनुका साथै सुरक्षा व्यवस्था पनि मजबुत भएको स्थानीयले बताएका छन्। यस कार्यको व्यापक प्रशंसा भइरहेको छ ।

त्यसैगरी, कर्सिया बजारको सौन्दर्य अभिवृद्धिका लागि हरियालीकरण अभियान पनि सुरु गरिएको छ । सडक किनारमा वृक्षारोपण तथा हरियाली विस्तार गर्ने कार्यले बजारको वातावरण थप आकर्षक बन्दै गएको भन्दै स्थानीयवासीले गाउँपालिकाको यस अभियानको खुलेर प्रशंसा गरेका छन् ।

स्थानीयवासीले बजार व्यवस्थापनका बाँकी समस्याहरू पनि क्रमिक रूपमा समाधान गर्दै विकास र व्यवस्थापनलाई सँगसँगै अघि बढाउन सम्बन्धित निकाय, जनप्रतिनिधि तथा सरोकारवाला पक्षसँग आग्रह गरेका छन् ।


## कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।

स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।

लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर

कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।

सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**


# लागुऔषध ब्राउन सुगर सहित १५ जना पक्राउ

विराटनगर । जिल्लाको विभिन्न स्थानबाट प्रतिबन्धित लागू औषध सहित १५ जनालाई प्रहरीले पक्राउ परेका छन ।

साउन २२ गते शुक्रवार जिल्ला प्रहरी कार्यालय खोटाङबाट खटिएको प्रहरी टोलीले खोटाङको दिक्तेल रुपाकोटमा झुवागढी नगर पालिका-७ वालिङ स्थित मध्यपहाडी लोकमार्गको जंगलमा शंकास्पद अवस्थामा रोकिराखेको प्र.१-०२-००२ ख ००८३ नम्बरको ट्रक चेकजाँच गर्दा चालक बस्ने भाग र पछाडिको डालाको बिचमा फल्स बटम बनाई लुकाई छिपाई राखेको अवस्थामा १३ सय १५ किलो गाँजा फेला पारी ट्रक नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी इलाका प्रहरी कार्यालय रानी र लागू औषध नियन्त्रण ब्युरो विराटनगरको संयुक्त टोलीले मोरङको विराटनगर महानगरपालिका-१५ सुनसरी आयल्स ट्रेडर्स अगाडि बाट भारत बिहार अररिया जिल्ला जोगवनी बस्ने २२ वर्षीय साहिल पाण्डे र मोरङ बेलबारी नगरपालिका-११ बस्ने ५३ वर्षीय प्रकाश राईलाई १४ ग्राम २७० मिलिग्राम ब्राउन सुगर सहित नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी सुनसरीको इनरुवा नगरपालिका-३ गुद्री लाइनबाट जिल्ला प्रहरी कार्यालय सुनसरी र लागू औषध नियन्त्रण ब्युरो विराटनगरको संयुक्त टोलीले इनरुवा नगरपालिका-९ बस्ने २६ वर्षीय मनोज उराव र सोही स्थान बस्ने ३२ वर्षीय सदाम अन्सारीलाई प्रतिबन्धित औषधी २७ सय क्याप्सुल ट्रामाडोल सहित नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी इलामको प्रचौ दानाबारीले चेकजाँचकै क्रममा माई नगरपालिका-१ पाल्टारबाट कुसुन्डा जबेगु र हेमराज मगरलाई ५ ग्राम ६५ मिलिग्राम ब्राउन सुगर सहित र झापाको प्रहरी चौकी टाघनडुब्बाले कमल गाउँपालिका-४ बस्ने २७ वर्षीय रिङ्वाङ लिम्बुलाई २ ग्राम ०६ मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

साउन २१ गते विहीवार चेकजाँचको क्रममा झापाको इलाका प्रहरी कार्यालय सुरुङ्गाले कनकाई नगरपालिका-४ का मिलन गुरुङलाई ३८० मिलिग्राम ब्राउन सुगर सहित र इलाका प्रहरी कार्यालय अनारमनीले बिर्तामोड नगरपालिका-५ का इकवाल अन्सारी, बाह्रदशी गाउँपालिका-४ का मनोज राजवंशी र बाह्रदशी गाउँपालिका-३ की धनकुमारी राजवंशीलाई१९० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

त्यसैगरी मोरङको इलाका प्रहरी कार्यालय रानीले धरान-३ का राजेश खड्की र धरान-१५ का विजय तामाङलाई ३९ वटा नाइट्रोजन ट्याब्लेट सहित नियन्त्रणमा लिएको छ । चेकजाँचकै क्रममा धनकुटाको इलाका प्रहरी कार्यालय पाख्रिबास ले महालक्ष्मी नगर पालिका-५ का समिर राई र खाँदबारी नगरपालिका-९ का सौजन लिम्बुलाई १४४ क्याप्सुल ट्रामोल सहित नियन्त्रणमा लिएको छ ।

नियन्त्रणमा लिएका सबै जना उपर सम्बन्धित प्रहरी कार्यालय बाट थप अनुसन्धान भई रहेको सम्वन्धि प्रहरी कायालयले जनाएको छ ।

# निरिक्षण तथा भ्रमण

नेपाल पुलिस स्कुल धरानको निरीक्षण भ्रमण तथा अवलोकन

विराटनगर । कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक शेखर खनालले साउन २१ गते विहीवार नेपाल पुलिस स्कुल धरानको निरीक्षण भ्रमण तथा अवलोकनको क्रममा कार्यालयका भवन, क्यान्टिन, पुस्ताकलय, लगायत प्रशिक्षण कक्षा कोठाहरुको निरीक्षण गर्नुका साथै कार्यरत प्रहरी कर्मचारीहरुलाई आवश्यक निर्देशन समेत दिनुभएको थियो । निर्देशनको क्रममा उहाँले प्रहरी सङ्गठनको मूल मर्म अनुसार विद्यार्थीहरूमा उच्च अनुशासन, देशभक्ति, नैतिक मूल्य-मान्यता र सामाजिक उत्तरदायित्वको भावना अभिवृद्धि गर्दै विद्यार्थीहरुको रेखदेख र सुरक्षालाई पहिलो प्राथामिकता दिन, विद्यार्थीहरुलाई सुरक्षित, स्वच्छ र प्रविधियुक्त वातावरण, अतिरिक्त क्रियाकलाप, छात्राबास र मेसको प्रभावकारी व्यवस्थापन मिलाउन तथा अभिभावकसँग निरन्तर समन्वय र सहकार्य गर्दै गुणस्तरिय शिक्षा प्रदान गर्ने वातावरण मिलाउन कार्यरत कर्मचारीहरुलाई निर्देशन दिएको थियो ।

यसका साथै बिद्यालयका प्रिन्सिपल र अन्य शिक्षक शिक्षिकाहरुसंग छलफल तथा अन्तरक्रियाको क्रममा शिक्षा प्रणालीलाई थप समय सापेक्ष, परिस्कृत र प्रयोगात्मक बनाउँदै अभिभावकको चाहना र राष्ट्रको आवश्यकता अनुसार दक्ष जनशक्ति उत्पादनमा नेपाल पुलिस स्कुल एक अनुकरणीय र सफल विद्यालयको रूपमा स्थापित गर्दै सौहार्दपुर्ण वातावरणमा अध्यापन गराउन सबैले सामूहिक रूपमा प्रयास गर्नुपर्ने वताएका थिए ।

विद्यार्थीसँगको अन्तरक्रियामा उहाँले आजको अनुशासित

वांकी अन्तिम पेजमा...

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

# अन्तर धार्मिक शान्ति पार्क मनोरम गन्तव्य

विराटनगर । पूर्वी नेपालका धार्मिक पर्यटकीय स्थानहरु मध्ये मोरङको लेटाङ नगरपालिका-१ मा रहेको अन्तर धार्मिक शान्ति पार्क नयाँ र मनोरम गन्तव्य बनेको छ । प्राकृतिक सौन्दर्यले भरिपूर्ण, शान्त दृश्यावलोकनको हिसावले अन्तरधार्मिक शान्ति पार्क विस्तारै धेरै आगन्तुकहरुलाई आकर्षित गरिरहेको छ ।

धार्मिक सहिष्णुता, सामजिक सदभाव र शान्तिको शन्देश प्रवाह गर्ने उदेश्यले लेटाङ नगरपालीकाले ६ करोड लागतमा अन्तरधार्मिक शान्ति पार्क निर्माण गरेकोछ । २०६५ सालमा अन्तरधार्मिक शान्ति पार्क निर्माण गर्न स्थानीयहरुले अवधारणा ल्याएको थियो ।

उक्त अवधारणा अनुसार अन्तरधार्मिक शान्ति पार्क निर्माण काम सम्पन्न गरी २०८३ बैशाख १ गतेदेखि नगरपालिकाले पार्क सञ्चालनमा ल्याएको छ । पार्क



सञ्चालनमा आएपछि स्थानीयहरु लम्भावभित भएका छन् । आन्तरिक र बाहिरीय धार्मिक पर्यटकहरु पार्क अवलोकन गर्न यतिवेला भिड लाग्न थालेका छन् । लेटाङ नगरपालिकाले निर्माण गरेको अन्तरधार्मिक पार्कले नेपाली समाजको 'विविधताभित्रको एकता' र धार्मिक सहिष्णुताको पाठ सिकाउने एउटा पाठ शालाको रुपमा अन्तरधार्मिक शान्ति पार्क रहेको वडा नंम्बर-१ का वडाअध्यक्ष विष्णु कुमार मगरको भनाई छ ।

सामाजिक तथा धार्मिक सदभाव र शान्ति निर्माणका लागि लेटाङ नगरपालिकाले १० करोड बजेट विनियोजन गरेको नगर प्रमुख भुपेन्द्र कुमार लावतीले जानकारी दिए । तर पार्क निर्माण गर्न ठेका सम्झौता गर्दा ठेकेदार कम्पनीले ६ करोडमा ठेका लिएर पार्क निर्माण गरेको छ । पार्क जम्मा ५ कट्ठा क्षेत्रफल माटोमा गुम्बा आकारमा निर्माण गरिएको छ । लेटाङ १ मा निर्माण गरिएको पार्कमा ५ वटा ढोकामा इस्लाम धर्म, हिन्दू धर्म, बुद्ध धर्म, इसाई, किँरात धर्मावलिका मुर्तिहरु रहने गरी निर्माण गरेको नगर प्रमुख लावतीको भनाई छ ।

पार्कमा धार्मिक सहिष्णुता, सामजिक सदभावका कार्यक्रम बाहेक अन्य कार्यक्रम गर्न नमिल्ने नगर प्रमुख लावतीले जानकारी गराए । अन्तरधार्मिक शान्ति पार्कको तल्लो तल्लामा ५ सय मानिसहरु अटाउँछन् । भने माथिलो तल्लामा २ सय मानिसहरु अटाउँछन् । पार्क अवलोकन गर्न स-शुल्क सर्वसाधारणलाई खुल्ला गरिएको छ । दृष्य अवलोकन र मनोरम गन्तव्य बनेको अन्तरधार्मिक शान्ति पार्क लेटाङ नगरपालिकाबाट करिब ४ किलोमिटर पहाडी यात्रा गरेपछि पुगिने अन्तरधार्मिक शान्ति पार्क समुन्द्र सतहबाट करिब ९ सय ५० मिटर उचाइमा रहेको छ ।

## मधेशमा...

पछिल्ला वर्षमा धार्मिक यात्रा, जुलुस, लाउडस्पिकर, मार्ग र समय सम्बन्धी विवादले विभिन्न स्थानमा तनाव उत्पन्न गरेका छन्। यस्ता कार्यक्रमअघि समुदाय, धार्मिक अगुवा र प्रशासन बीच स्पष्ट सहमति नहुँदा सामान्य विवादले ठूलो रूप लिन सक्छ ।

देवानगञ्ज घटनामा सुरक्षा तयारी, बल प्रयोगको औचित्य र प्रशासनिक भूमिका बारे प्रश्न उठेका छन् । मधेश केन्द्रित दल तथा नेताहरूले उच्चस्तरीय न्यायिक छानबिनको माग गरेका छन् । यस्ता प्रश्नको उत्तर राजनीतिक भाषण वा आरोप-प्रत्यारोपबाट होइन, स्वतन्त्र र विश्वसनीय अनुसन्धानबाट आउनुपर्छ ।

छानबिनले हिंसा कसरी शुरु भयो, सुरक्षा संयन्त्र कहाँ चुक्यो, बल प्रयोग आवश्यक र समानुपातिक थियो कि थिएन तथा अफवाह फैलाउने व्यक्ति वा समूह को थिए भन्ने स्पष्ट गर्नुपर्छ । दोषी जुनसुकै समुदाय, संगठन वा राजनीतिक दलसँग सम्बन्धित भए पनि कानून समान रूपमा लागू हुनुपर्छ ।

**डिजिटल अफवाहको आगो**

अहिले साम्प्रदायिक हिंसा सडकमा देखिनुअघि मोबाइलको स्क्रिनमा फैलिन्छ । पुरानो भिडियो, अर्कै स्थानको तस्वीर, काटछाँट गरिएको अभिव्यक्ति र अपुष्ट विवरण फेसबुक, टिकटक, युट्युब तथा ह्वाट्सएपबाट तीव्र गतिमा प्रसारित हुन्छन् ।

देवानगञ्ज घटनापछि सामाजिक सञ्जालबाट साम्प्रदायिक सद्भाव खलल पुऱ्याएको आरोपमा सिरहा र धनुषाबाट आठ जनालाई पक्राउ गरिएको प्रहरीले जनाएको थियो ।

तर डिजिटल घृणा नियन्त्रणका नाममा फरक विचार वा आलोचनालाई दबाउ नुहुँदैन । स्पष्ट रूपमा हिंसा भड्काउने, कुनै समुदाय विरुद्ध आक्रमणको आह्वान गर्ने र नियोजित झुट फैलाउने सामग्रीमाथि कानून अनुसार कारबाही हुनुपर्छ । सँगै, प्रशासनले घटनाबारे छिटो र विश्वसनीय सूचना सार्वजनिक गर्नुपर्छ। आधिकारिक सूचना ढिलो हुँदा अफवाहले खाली ठाउँ ओगट्छ ।

सञ्चारमाध्यमले पनि धर्म वा समुदायलाई अनावश्यक रूपमा शीर्षकमा तान्ने, अपुष्ट दृश्य प्रसारण गर्ने र आरोपलाई तथ्य जस्तो प्रस्तुत गर्ने अभ्यासबाट बच्नुपर्छ ।

**रैथानेपन जोगाउने जिम्मेवारी**

दक्षिण एशियाको हिन्दु-मुस्लिम सम्बन्ध केवल द्वन्द्वको इतिहास होइन । यो बहस, मित्रता, सहकार्य र सांस्कृतिक आदानप्रदानको इतिहास पनि हो । शेरअली तरीनको पेरिलस इन्टिमेसीज : डिबेटिङ हिन्दु-मुस्लिम फ्रेन्डसिप आफ्टर एम्पायर ले दक्षिण एशियाली मुस्लिम चिन्तकहरूले हिन्दु-मुस्लिम मित्रताको सम्भावना र सीमाबारे गरेका जटिल बहसको अध्ययन गर्छ ।

यो सम्बन्धलाई 'सधैंको मित्रता' वा 'सधैंको टकराव'मध्ये कुनै एउटा सरल कथामा सीमित गर्न मिल्दैन । समाजभित्र सहकार्यसँगै असहमति पनि हुन्छ। लोकतान्त्रिक समाजको सफलता असहमति मेटाउनुमा होइन, त्यसलाई हिंसामा परिणत हुन नदिने संस्था र संस्कार निर्माण गर्नुमा हुन्छ ।

पछिल्ला वर्षमा विभिन्न समुदायभित्र कठोर धार्मिक भाष्य बलियो भएका छन् । धार्मिक जागरणका नाममा अर्को समुदायप्रति भय वा घृणा फैलाउने प्रवृत्ति जुनसुकै पक्षबाट आए पनि अस्वीकार्य हुन्छ । धार्मिक तथा गैरधार्मिक संघ-संस्थामा आउने स्वदेशी वा विदेशी सहायता, त्यसको खर्च र सञ्चालन पारदर्शी हुनुपर्छ । तर प्रमाण विना कुनै समुदाय वा संस्थामाथि सामूहिक आरोप लगाउन हुँदैन ।

मन्दिर, मस्जिद र अन्य धार्मिक स्थललाई प्रतिस्पर्धी शक्ति प्रदर्शनको केन्द्र होइन, शान्ति र सामाजिक उत्तरदायित्वको माध्यम बनाउन धार्मिक अगुवाले भूमिका खेल्न सक्छन् ।

**हिंसा रोकेर मात्र शान्ति आउँदैन**

शान्ति अध्येता योहान गाल्टुङले हिंसा नभएको अवस्थालाई 'नकारात्मक शान्ति' र न्यायपूर्ण तथा समावेशी सम्बन्ध भएको अवस्थालाई 'सकारात्मक शान्ति'का रूपमा व्याख्या गरेका छन् ।

प्रहरी परिचालन, निषेधाज्ञा वा कर्फ्युले तत्काल हिंसा रोक्न सक्छ । तर पीडितले न्याय नपाए, प्रशासन माथिको विश्वास फर्किएन र समुदाय बीच संवाद भएन भने त्यो शान्ति अस्थायी हुन्छ । दिगो शान्तिका लागि केही व्यावहारिक कदम आवश्यक छन् ।

पहिलो, देवानगञ्ज सहित त्यसपछि भएका हिंसात्मक घटनाको निष्पक्ष छानबिन गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्छ । मृत्यु भएका व्यक्तिका परिवार, घाइते र सम्पत्ति गुमाएका नागरिकले न्याय, उपचार र उचित क्षतिपूर्ति पाउनुपर्छ ।

दोस्रो, हिंसा वा घृणा भड्काउने व्यक्तिमाथि धर्म, समुदाय वा राजनीतिक आबद्धता नहेरी समान कानूनी मापदण्ड लागू गर्नुपर्छ । सुरक्षाकर्मीबाट भएको सम्भावित कमजोरी वा अत्यधिक बल प्रयोग समेत यही छानबिनको दायरामा आउनुपर्छ ।

तेस्रो, स्थानीय भाषा, संस्कृति र सामाजिक मनोविज्ञान बुझ्ने जनशक्तिको प्रहरी तथा प्रशासनमा अर्थपूर्ण सहभागिता बढाउनुपर्छ। सुरक्षाकर्मीलाई सामुदायिक द्वन्द्व व्यवस्थापन, अफवाह नियन्त्रण र मानवअधिकार सम्बन्धी नियमित प्रशिक्षण आवश्यक छ ।

चौथो, औपचारिक प्रशासनिक संरचनासँगै मरर, माइजन र भलमन्सा जस्ता परम्परागत सामुदायिक संयन्त्रको उपयोग गर्न सकिन्छ। तर यस्ता संयन्त्रलाई पुनर्जीवित गर्दा महिला, दलित, अल्पसंख्यक र युवा सहभागिता तथा संवैधानिक अधिकार सुनिश्चित गर्नुपर्छ । परम्परागत संरचनाले राज्यको कानून विस्थापित गर्ने होइन, समुदाय र प्रशासन बीच संवादको पुल बन्नुपर्छ ।

पाँचौं, धार्मिक यात्रा, जुलुस, लाउडस्पिकर र सार्वजनिक स्थलको प्रयोग बारे कार्यक्रमअघि नै स्थानीय सहमति बनाउनुपर्छ। मार्ग, समय र सुरक्षाको विषय समुदाय, स्थानीय सरकार र प्रशासनले संयुक्त रूपमा तय गर्न सक्छन् ।

छैटौं, विद्यालय, सञ्चारमाध्यम र स्थानीय संस्थाले मधेशको साझा सांस्कृतिक इतिहासलाई नयाँ पुस्तासम्म पुऱ्याउनुपर्छ । पूर्वाग्रह विरुद्धको शिक्षा तनाव शुरु भएपछि होइन, शान्तिकै समयमा आवश्यक हुन्छ ।

**रोजाइ घृणा कि संवाद ?**

देवानगञ्जको घटना आकस्मिक धार्मिक विस्फोट मात्र थिएन । यसमा स्थानीय विवाद, सञ्चित अविश्वास, प्रशासनिक कमजोरी, राजनीतिक ध्रुवीकरण र डिजिटल अफवाहका विभिन्न तह देखिन्छन् । यी कारण पहिचान नगरी सुरक्षा परिचालनबाट मात्र समस्या समाधान गर्न खोजियो भने यस्तै घटना फेरि दोहोरिन सक्छ ।

आज मधेशसामु दुई बाटा छन् । एउटा क्षणिक उत्तेजना र घृणाको बाटो हो, जसमा अन्ततः सबै समुदाय हार्छन् । अर्को न्याय, संवाद र रैथाने सह अस्तित्वको कठिन तर दिगो बाटो हो ।

मधेशको प्रश्न हिन्दु वा मुस्लिममध्ये कसले जित्ने भन्ने होइन । प्रश्न, दुवै समुदायले पुस्तौंदेखि निर्माण गरेको साझा सभ्यता जोगाउने कि घृणाको राजनीतिसामु त्यसलाई कमजोर हुन दिने भन्ने हो ।

साझा सभ्यता पराजित हुँदा हिन्दु पनि जित्दैनन्, मुस्लिम पनि जित्दैनन् । जित्ने केवल हिंसाबाट राजनीतिक लाभ खोज्ने प्रवृत्ति हो । त्यसैले अहिलेको सबैभन्दा ठूलो जिम्मेवारी न्याय, मानवीयता र मधेशको साझा रैथाने सम्बन्धको रक्षा हो । (मेहता राष्ट्रिय मुक्ति पार्टी नेपालका महासचिव हुन् ।)

अनलाईन खबरबाट सभार

# लागुऔषध सहित १८ जना पक्राउ

विराटनगर । झापा, मोरङ, सुनसरी र पाँचथर जिल्लाको बिभिन्न स्थानहरुबाट लागू औषध सहित १८ जनालाई प्रहरीले पक्राउ गरिएको छ ।

झापाको झापा गाउँपालिका-१ स्थितबाट इलाका प्रहरी कार्यालय कुमरखोद झापाले काभ्रेपलाञ्चोक घर भई हाल शिवसताक्षी नगरपालिका-९ दुधे बस्ने ३० वर्षीय बिराज भुजेललाई १ ग्राम ६७ मिलिग्राम ब्राउन सुगर सहित, इलाका प्रहरी कार्यालय काँकरभिट्टा र लागू औषध नियन्त्रण ब्यूरो काँकरभिट्टाको संयुक्त टोलीले इलामको सूर्योदय नगरपालिका-४ का २६ वर्षीय सलमान थापालाई २ ग्राम ४९० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

त्यसैगरी मोरङको विराट नगर महानगरपालिका-१५ स्थितबाट इलाका प्रहरी कार्यालय रानी र लागू औषध नियन्त्रण ब्यूरो विराटनगरले लेटाङ नगरपालिका-२ का १८ वर्षीय सुमित ठकुरी र सोही स्थानका २५ वर्षीय बिकाश भुजेललाई १० ग्राम ९४० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेका थियो ।

इलाका प्रहरी कार्यालय रंगेलीले धनपालथान गाउँपालिका -२ स्थितबाट ९६ किलो १९८ ग्राम लागू औषध गाँजा बरामद गरेसँगै धनपालथान-१ नोचाका २७ वर्षीय सुमन कुमार साह र सोही स्थानका २७ वर्षीय अमर साहलाई पक्राउ गरेको थियो ।

इलाका प्रहरी कार्यालय रानी र लागू औषध नियन्त्रण ब्यूरो विराटनगरको संयुक्त टोलीले बेलबारी नगरपालिका-१ का ३१ वर्षीय अजय साहीलाई ३ ग्राम ८४० मिलिग्राम ब्राउन सुगर र को २७ प ७०७१ नम्बरको मोटरसाइकल सहित नियन्त्रणमा लिएको थियो ।

त्यस्तै सुनसरीको दुहबी नगरपालिका-५ स्थितबाट इलाका प्रहरी कार्यालय दुहबीले इटहरी उप-महानगरपालिका-९ का २२ वर्षीय निमा शेर्पालाई १ ग्राम ब्राउन सुगर सहित, इलाका प्रहरी कार्यालय इटहरीले ६२० मिलिग्राम ब्राउन सुगर सहित इटहरी-५ का २३ वर्षीय बादल चौधरीलाई पक्राउ गरेको थियो ।

इलाका प्रहरी कार्यालय धरानले धरान उप-महानगर पालिका-१३ का २२ वर्षीय अनिष तामाङ, धरान-१३ की १८ वर्षीया प्रतिमा राजधामी, धरान-१६ का १८ वर्षीय निराजन तामाङ, पाँचथरको फिदिम नगरपालिका-१ का २१ वर्षीय पुरप राना मगर र सोही स्थानका २१ वर्षीय अबिनास थापा मगरलाई ट्रामाडोल- ३१३ क्याप्सुल, स्पास्पेन-१९५ ट्याब्लेट, स्पास्पेन प्रो-१०० ट्याब्लेट र स्पासरेस्ट- १० ट्याब्लेट सहित पक्राउ गरेको छ ।

त्यसैगरी साउन १९ गते मंगलवार मोरङको बेलबारी नगरपालिका-१ सिसौली स्थितबाट इलाका प्रहरी कार्यालय बेलबारी मोरङको प्रहरी टोलीले बेलबारी नगरपालिका-१ का २४ वर्षीय विकास रौनियारलाई प्रतिबन्धित औषधि ट्रामाडोल ४९ ट्याब्लेट र स्पास्पेन ५० ट्याब्लेट सहित पक्राउ गरेको थियो ।

यसैगरी पाँचथरको फिदिम नगरपालिका-१ बरडाँडा स्थितबाट जिल्ला प्रहरी कार्यालय पाँचथरको प्रहरी टोलीले फिदिम नगरपालिका-१ का ३१ वर्षीय निराजन खतिवडा, २१ वर्षीय एलन नेङबाङ र २६ वर्षीय दिलबहादुर राईलाई ४० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

पक्राउ परेका उनीहरूको थप अनुसन्धान सम्वन्धित प्रहरी कार्यालयबाट भइरहेको छ ।

# सुधार केन्द्रको निरीक्षण

विराटनगर । कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक शेखर खनालले साउन २१ गते आसरा सुधार केन्द्र, पानबारी धरानको निरीक्षण तथा अनुगमन गर्दै कार्यरत प्रहरी कर्मचारीहरुलाई आवश्यक निर्देशन दिएको थियो । निर्देशनको क्रममा वँहाले मानवीय, मर्यादित, सम्मानजनक र सहानुभूतिपूर्ण व्यवहारले उपचार पद्दतिलाई सहज बनाई समाजमा पुनःस्थापनाको बातावरण श्रृजना गर्न महत्वपूर्ण भुमिका निर्वाह गर्ने हुँदा सुधार केन्द्रमा रहेका सुधारार्थीहरुको शारीरिक तथा मानसिक तन्दुरुस्ती राख्न बिभिन्न खेलकुदका कृयाकलाप हरुमा सहभागी गराउनका साथै व्यावसायिक तथा सीपमूलक तालिमहरूको व्यवस्था मिलाउन निर्देशन दिएको थियो ।

उहाँले सुधार केन्द्रको चौतर्फी सुरक्षा व्यवस्थालाई मजबुत बनाउन तथा अभिलेख व्यवस्थापनलाई व्यवस्थित बनाई सुधार केन्द्रलाई जिम्मेवार, सुरक्षित र प्रभावकारी सेवा केन्द्रका रूपमा सञ्चालन गर्न समेत निर्देशन दिनुका साथै प्रदेश प्रहरी प्रमुख खनालले केन्द्रमा कार्यरत पदाधिकारीहरु लगायत चिकित्सकहरुसंग सुधारार्थीहरुको नियमित उपचार पद्दती र मनोसामाजिक परामर्श सेवाको बारेमा जानकारी लिनुका साथै आवश्यक सल्लाह सुझाव दिएको थियो ।

